नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
बज्रवाराही, ललितपुर
बागमती प्रदेश, नेपाल

गोदावरी नगरपालिका कार्यपालिकाको कार्यालय वज्रवाराही, ललितपुर बागमती प्रदेश, नेपाल २०७३

प. सं.:२०८३/८४
च.नं. ६५१

मिति: २०८३/०६/०५

विषयः- सामुदायिक विद्यालयको अन्तिम लेखापरिक्षणको लागि आसय पत्र पेश गर्ने सम्बन्धी सूचना।

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत सामुदायिक विद्यालयकहरुको आर्थिक वर्ष २०८२/८३ को अन्तिम लेखापरीक्षण प्रयोजनार्थ नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (ICAN) मा दर्ता/ सूचीकृत भएका देहायका सर्तहरुको अधिनमा रही लेखापरीक्षण गर्न ईच्छुक फर्म तथा लेखा व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८३ असोज १९ गते कार्यालय समय) भित्र तपसिलका कागजातहरु सहित यस कार्यालयको **शिक्षा,युवा तथा खेलकुद शाखामा** निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

सर्तहरु:

(१) नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (ICAN) संस्थावाट जारी भएको विद्यालय लेखापरीक्षण मार्गदर्शन २०७९ बमोजिम लेखापरीक्षण गर्नुपर्नेछ ।

(२) नेपाल सरकार् शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन कार्यविधि आर्थिक वर्ष २०८२/८३ का लागि उल्लेख भएबमोजिम आधारभूत तथा माध्यमिक तह सञ्चालित विद्यालयको हकमा क्रमशः न्यूनतम रु ५,०००-(पाँच हजार मात्र) देखि अधिकतम रु.१०,०००/- (दश हजार मात्र) र रु.१५,०००/- (पन्ध्र हजार मात्र) पारिश्रमिक लिई लेखापरीक्षण गर्नुपर्नेछ।

संलग्न गर्नुपर्ने कागजातहरु

(१) ईच्छुक संस्था/व्यक्तिको सक्कल निवेदन (सम्पर्क नम्वर र ठेगाना भएको),
(२) आ.व. २०८२/८३ सम्म लेखा व्यवसायी फर्म नविकरण गरेको प्रमाण-पत्रको प्रतिलिपि,
(३) आ.व. २०८२/८३ सम्मको कर चुक्ता गरेको प्रमाण-पत्रको प्रतिलिपि,
(४) स्थायी लेखा नम्वर (PAN) र मूल्य अभिवृद्धि कर (VAT) प्रमाण-पत्रको प्रतिलिपि,
(५) निवेदन दस्तुर बापत नगरपालिकाको आर्थिक ऐन, २०८३ बमोजिम रु.५००/-(पाँच सय मात्र) नगरपालिकाको राजस्व शाखामा बुझाएको भौचरको प्रतिलिपि।

....
(मान बहादुर खड्का)
प्रमुख प्रशासकीय अधिकृत